परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily    राष्ट्रिय दैनिक

वर्ष : ४   अंक : २९५   पृष्ठ ४   २०८३ साउन २९ गते शुक्रबार   14 August, 2026   मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




# बर्दिबास नगरपालिकामा भोगाधिकार निस्सासँगै सेतो लालपुर्जा वितरणको प्रक्रिया तीव्र पार्दै

● मिथलेश सिंह

बर्दिबास नगरपालिकाले ऐलानी जग्गामा लामो समयदेखि बसोबास गर्दै आएका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई जग्गाधनी प्रमाणपुर्जा (लालपुर्जा) उपलब्ध गराउने प्रक्रियालाई तीव्रता दिएको छ। नगरपालिकाले लालपुर्जा वितरणको पूर्वतयारीस्वरूप भोगाधिकार निस्सा वितरणको कामसमेत अघि बढाएको जनाएको छ।




नगरपालिकाका अनुसार भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको विवरण अधिकांश वडाबाट संकलन तथा प्रविष्टि भइसकेको छ। केही विवरणमा नाम, थरलगायत सामान्य त्रुटि भेटिएपछि त्यसलाई सच्याउने काम अन्तिम चरणमा पुगेको नगरपालिकाले जनाएको छ।

प्रमुख प्रशासकीय अधिकृत राममणि अधिकारीका अनुसार नगरपालिकाले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा भोगाधिकार निस्सा वितरणलाई प्राथमिकतामा राखेको छ। लामो समयदेखि ऐलानी जग्गा भोगचलन गर्दै आएका नागरिकलाई उनीहरूले भोग गरिरहेको जग्गाको प्रमाणका रूपमा निस्सा उपलब्ध गराउने प्रक्रिया अघि बढाइएको उनले बताए।

भोगाधिकार निस्सा वितरणको प्रक्रिया वडा कार्यालयबाट सुरु हुनेछ। नगर पालिकाले निश्चित समय तोकेर सूचना प्रकाशन गरेपछि सम्बन्धित व्यक्तिले आफूले कति वर्षदेखि जग्गा भोगचलन गर्दै आएको हो भन्ने विवरणसहित वडा कार्यालयमा निवेदन दिनुपर्नेछ। निवेदन दर्तापछि वडा अध्यक्ष वा तोकिएको प्रतिनिधिको रोहवरमा स्थलगत निरीक्षण, चार किल्लाका सन्धियारको सहमति तथा दाबी-विरोधको प्रक्रिया पूरा गरिनेछ। त्यसपछि वडा कार्यालयबाट विवरण नगरपालिकामा पठाइने र नगरपालिकाले आवश्यक छानबिनपछि निस्सा वितरण गर्नेछ।

नगरपालिकाका अनुसार वडा नं. ४ बाट दाबी-विरोधको प्रक्रिया सुरु भइसकेको छ। अन्य वडामा पनि क्रमशः प्रक्रिया अघि बढाइनेछ। वडा कार्यालयले सात दिनको दाबी-विरोधको सूचना प्रकाशन गरेपछि प्राप्त उजुरीमाथि छानबिन गरी विवरण कार्यपालिकामा पठाउनेछ। कार्यपालिकाले अध्ययन गरेपछि अन्तिम सूची जिल्ला भूमि आयोगमा पठाउने र आयोगको टोलीले आवश्यक प्रक्रिया अघि बढाउने नगरपालिकाले जनाएको छ।

प्रमुख प्रशासकीय अधिकृत अधिकारीले भोगाधिकार निस्सा र लालपुर्जा वितरणलाई एउटै विषयका रूपमा नबुझ्न आग्रह गरेका छन्। उनका अनुसार भोगाधिकार निस्सा स्थानीय तहबाट सम्बन्धित व्यक्तिले लामो समय देखि जग्गा भोगचलन गर्दै आएको प्रमाणका रूपमा प्रदान गरिनेछ भने भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई लालपुर्जा वितरण संघीय कानुन र सम्बन्धित निकायको प्रक्रियाअनुसार हुने छ।

वडा नं. ३ का अध्यक्ष विराट विष्टका अनुसार सो वडामा मात्रै करिब २६ सय घरधुरीको विवरण रहेको छ। कागजात परीक्षण, दाबी-विरोध र आवश्यक प्रक्रिया पूरा गर्न केही समय लाग्ने भए पनि दुईदेखि तीन महिनाभित्र सम्पूर्ण प्रक्रिया अघि बढाउने लक्ष्य रहेको उनले बताए।

नगरपालिकाले भोगाधिकार निस्सापछि जग्गाको नामसारी, अंशबन्डा तथा अन्य अभिलेखलाई समेत व्यवस्थित गर्ने तयारी गरेको जनाएको छ। तर भोगाधिकार निस्सालाई तत्कालै जग्गाधनी प्रमाणपुर्जा अर्थात् लालपुर्जासरहको स्वामित्वका रूपमा बुझ्न नहुने नगरपालिकाको स्पष्टोक्ति छ।

लामो समयदेखि ऐलानी जग्गा भोगचलन गर्दै आए पनि आधिकारिक कागजात नहुँदा नागरिकले असुरक्षा र अन्योल भोग्दै आएको अवस्थामा भोगाधिकार निस्सा पहिचान र अभिलेखीकरणको महत्वपूर्ण आधार बन्ने देखिएको छ। दाबी-विरोध र छानबिन प्रक्रिया निष्पक्ष तथा पारदर्शी रूपमा सम्पन्न गर्न सकेमा बर्दिबासका भूमिहीन तथा अव्यवस्थित बसोबासीलाई भविष्यमा जग्गाधनी प्रमाणपुर्जा उपलब्ध गराउने बाटो थप सहज हुने अपेक्षा गरिएको छ।

# चर्को गर्मी र खडेरीले मधेशको जनजीवन प्रभावित

● टक नेपाल

मनसुन सक्रिय रहने समयमा पर्याप्त वर्षा नहुँदा मधेश प्रदेशका जिल्लामा चर्को गर्मी र सुक्खा मौसमले जनजीवन प्रभावित भएको छ। लगातारको घाम र बढ्दो तापक्रमका कारण किसान, विद्यार्थी, मजदुर, व्यवसायी तथा स्वास्थ्य क्षेत्र प्रभावित भएका छन्।

महोत्तरीको बर्दिबासमा बिहान ११:४४ बजे तापक्रम ३६ डिग्री सेल्सियस मापन गरिएको थियो। मोबाइलको मौसम एपले भने अनुभूति हुने तापक्रम ४७ डिग्री सेल्सियस देखाएको थियो। हावाको गति प्रतिघण्टा करिब ६ माइल रहेको थियो। अत्यधिक गर्मीका कारण पामुनि बस्दासमेत चिसो महसुस नहुने र लगातार पसिना आउने अवस्था रहेको स्थानीयले बताएका छन्।

पर्याप्त वर्षा नहुँदा महोत्तरीको कृषि क्षेत्रमा समेत असर परेको छ। किसान महँगो बोरिङको पानी प्रयोग गरेर धान रोप्न बाध्य छन्। कृषि ज्ञान केन्द्र महोत्तरीका अनुसार जिल्लामा हालसम्म करिब ७६ प्रतिशत मात्र धान रोपाइँ भएको छ।

केन्द्रका प्रमुख देवानन्द रायका अनुसार धान खेतमा कम्तीमा चार इन्च पानी आवश्यक भए पनि साउन अन्तिमतिर आइपुग्दासमेत पर्याप्त पानी छैन। पानीको अभावमा रोपो र ग्रोसँग गाँजिन नसकेको तथा गोडमेल र मलखाद हाल्ने कामसमेत प्रभावित भएको उनले बताए। खेतमा झार बढ्दै गएकाले सिथ ब्लाइटलगायत रोगको जोखिमसमेत बढेको उनको भनाइ छ।

यता, सर्लाहीमा पनि दुई दिनयता अत्यधिक गर्मी बढेको छ। सोमबारसम्म बेलाबेला वर्षा हुँदा मौसम केही शीतल रहे पनि त्यसपछि बिहानदेखि साँझसम्म चर्को घाम लाग्दा जनजीवन प्रभावित भएको हो।

लालबन्दीमा अत्यधिक गर्मीका कारण सडक र बजारमा चहलपहल घटेको छ। गर्मीका कारण विद्यार्थी, खेतबारीमा काम गर्ने किसान तथा दैनिक ज्यालादारीमा निर्भर मजदुर बढी प्रभावित भएका छन्।

ईश्वरपुर नगरपालिकामा अत्यधिक गर्मीका कारण पशुपन्छीको स्याहार तथा आहारा जुटाउनसमेत कठिन भएको छ। नगर अस्पताल लालबन्दीका प्रमुख एवं मेडिकल सुपरिन्टेन्डेन्ट डा. चन्दन चौधरीका अनुसार गर्मीका कारण टाउको दुख्ने, चक्कर लाग्ने, शरीर आलस्य हुने र एलर्जीका समस्या बढेका छन्। भाइरल ज्वरो र टाइफाइडका बिरामीसमेत अस्पतालमा आउने क्रम बढेको उनले बताए।

राजविराज सप्तरीमा केही दिनयता तापक्रम बढेसँगै सर्वसाधारणको दैनिकी प्रभावित भएको छ। बिहानैदेखि चर्को घाम लाग्ने र साँझसम्म गर्मी कम नहुँदा घरबाहिर निस्कनसमेत कठिन भएको स्थानीयले बताएका छन्।

राजविराजमा घरभित्र बस्दा पनि पसिना आउने र बाहिर निस्कँदा तातो हावा तथा घामको राप सहन कठिन भएको छ। पिपलमुनि बस्दासमेत शीतलता महसुस गर्न नसकेको छ।

चर्को गर्मीका कारण अत्यावश्यक कामबाहेक दिउँसो सर्वसाधारण घरबाहिर निस्कन छाडेका छन्। लामो समय घाममा हिँड्दा लु लाग्ने जोखिम बढेकाले बालबालिका, वृद्धवृद्धा तथा मजदुरी गर्ने वर्ग बढी प्रभावित भएका छन्।

गर्मीको प्रत्यक्ष असर व्यापार व्यवसायमा समेत परेको छ। राजविराजसहित कञ्चनपुर, कल्याणपुर, बोदेबरसाइन, हनुमाननगर, भारदह, महुली, रूपनी, कठौना र पातो लगायतका बजारमा दिउँसो सर्वसाधारणको चहलपहल घटेको छ।

मनसुनको समयमा समेत पर्याप्त वर्षा नहुँदा एकातिर गर्मी बढ्दै गएको र अर्को तिर धान रोपाइँ तथा खेतीपाती प्रभावित भएकाले मधेशका किसान दोहोरो मारमा परेका छन्। समयमै वर्षा नभए धान उत्पादनमा असर पर्न सक्ने भएकाले स्थानीय तह तथा सम्बन्धित निकायले मौसमजन्य जोखिमबाट नागरिक र कृषि क्षेत्रलाई जोगाउन आवश्यक तयारी तथा सचेतना बढाउनुपर्ने देखिएको छ।




साइव अपाधबाट जोगिआं !!!

कम्प्युट, मोवाइल  इन्टनेट प्रयोग गदा यी कुाहरु ध्यान दिनुहोस् ।

- बलियो पासवड राखौं,  पासवडलाइ नियमित रुपमा पवितन गारैं।
- अपर्चित व्यक्ति वा कायालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिङ्क नखोलौं ।
- अपर्चित व्यक्तिले युर्जरनेम  पासवड मागे नदिऔं ।
- ह्वाट्स एप, इमो, भाइब, मेसेन्जलगायतका सामाजिक सञ्जालमा आएका शंकास्पद भिडियो वा अडियो कल नउठाऔ । त्यस्ता कल पटक पटक आए ब्लक गारै ।
- आफना व्यक्तिगत विवणहरु (ओटिपी, युर्जरनेम, पासवड, बंक खाता नम्ब, पिनकोड, नागकिता नम्ब, राहदानी नम्ब, जन्म मिति) कसलाइ शेय नगारै, सुक्षित राखौं ।

गौशाला नगरपालिका,
महोत्तरी, मधेश प्रदेश

टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### सूचनाको प्रदूषण रोकौँ

वायु र सूचना मानव जीवनका अत्यावश्यक आधार हुन् । स्वच्छ हावाले शरीरलाई स्वस्थ राखेजस्तै स्वच्छ सूचनाले व्यक्ति, समाज र राष्ट्रलाई सही दिशा दिन्छ । तर पछिल्लो समय वायुप्रदूषणसँगै गलत सूचना, अफवाह, भ्रामक सामग्री र घृणास्पद अभिव्यक्तिको प्रदूषण पनि तीव्र रूपमा बढेको छ ।

सामाजिक सञ्जाल, अनलाइन सञ्चारमाध्यम र डिजिटल प्लेटफर्मको विस्तारसँगै सूचना प्राप्ति सहज भए पनि सही र गलत छुट्याउन कठिन बन्दै गएको छ । अपुष्ट समाचार, सनसनीपूर्ण सामग्री, चरित्रहत्या, हिंसा, घृणा र अफवाहले नागरिकको सोच, व्यवहार र सामाजिक सम्बन्धमा नकारात्मक प्रभाव पारिरहेको छ । एआईबाट उत्पादित भ्रामक सामग्रीले समस्या झनै जटिल बनाएको छ ।

छिटो सूचना दिने नाममा तथ्य परीक्षण नगरी 'भ्युज', 'लाइक' र 'क्लिक' पछ्याउने प्रवृत्तिले पत्रकारिताको विश्वसनीयतामाथि समेत प्रश्न उठाएको छ । पत्रकारिता र सामाजिक सञ्जालबीचको सीमा मेटिँदै जाँदा जिम्मेवार सञ्चारकर्मको आवश्यकता झनै बढेको छ ।

यस समस्याको समाधान राज्यको मात्र जिम्मेवारी होइन । सञ्चारमाध्यम, पत्रकार, सामाजिक सञ्जाल प्रयोगकर्ता, विद्यालय, नागरिक समाज र नियामक निकाय सबै सचेत हुनुपर्छ । प्राप्त सूचना तत्काल विश्वास वा सेयर गर्नुभन्दा त्यसको स्रोत र सत्यता जाँच्ने संस्कार विकास गर्न आवश्यक छ। नागरिकले 'पाइने' होइन, 'चाहिने' सूचना रोज्न सिक्नुपर्छ ।

स्वस्थ समाजका लागि स्वच्छ हावा जति आवश्यक छ, त्यति नै स्वच्छ सूचना पनि आवश्यक छ । त्यसैले सूचना प्रदूषण नियन्त्रण गर्न अब ढिला गर्नु हुँदैन ।




# बर्दिबासमा पुरानो भाकाले पायो नयाँ जीवन, 'तिमीलाई मैले सानू सकिन बिर्सन' सार्वजनिक

● जीवन राज दाहाल ।



करिब दुई दशकअघि गाइएको एउटा पुरानो भाकालाई नयाँ स्वरूप दिँदै गायक तथा सङ्गीतकार बेलबहादुर परियारले 'तिमीलाई मैले सानू सकिन बिर्सन' गीत बजारमा ल्याएका छन् । बर्दिबासस्थित विनायक होटलमा बिहीबार आयोजित कार्यक्रममा गीत तथा यसको भिडियो सार्वजनिक गरिएको हो ।

राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालका केन्द्रीय सदस्य कृष्ण गौतमको प्रमुख आतिथ्यतामा आयोजित कार्यक्रममा प्रतिष्ठानका मधेस प्रदेश अध्यक्ष रुद्रसेन विश्वकर्मा, बर्दिबास उद्योग वाणिज्य संघका कोषाध्यक्ष सुरेन्द्र लामा, प्रगतिशील लेखक संघ मधेस प्रदेशका अध्यक्ष नारायण घिमिरे, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य राजकरण महतो, समाजसेवी सन्त परियार लगायतको उपस्थिति थियो ।

विमोचन कार्यक्रममा प्रोजेक्टरमार्फत गीतको भिडियो प्रदर्शन समेत गरिएको थियो । गीतमा परियारको स्वर तथा सङ्गीत र रचना रिमालको स्वर रहेको छ । नारायण दङ्गालको एरेन्ज तथा गोपाल दयालको रेकर्डिङ रहेको गीतको भिडियोमा सुजाता भट्टराई, अशोक लाखे, राजाराम श्रेष्ठ र सरु भुजेलले अभिनय गरेका छन् । शैलेस श्रेष्ठको छायाङ्कन रहेको भिडियोको निर्देशन तथा कोरियोग्राफी ए ए स्टार मिडियाले गरेको हो ।

गीत सार्वजनिक गर्दै परियारले आफूले करिब २० वर्षअघि गाएको भाकालाई समयअनुसार पुनः सङ्गीत संयोजन गरी नयाँ पुस्तामाझ पुर्‍याउने प्रयास गरेको बताए । २०४७/४८ साल देखि नै गीत-सङ्गीतमा सक्रिय रहे पनि निरन्तरता दिन नसकेको उल्लेख गर्दै उनले ढल्किँदो उमेरमा पुरानो रहर पूरा गर्ने उद्देश्यले गीत ल्याएको बताए ।

कार्यक्रममा प्रलेस मधेस प्रदेशका अध्यक्ष नारायण घिमिरेले आर्थिक प्रतिफलको सुनिश्चितता नरहेको अवस्थामा पनि सिर्जनालाई निरन्तरता दिनु आफैंमा प्रशंसनीय रहेको बताए । बर्दिबास उद्योग वाणिज्य संघका कोषाध्यक्ष सुरेन्द्र लामाले लोप हुँदै गएका लोकभाका र संस्कृतिको संरक्षणमा परियारको प्रयास महत्वपूर्ण रहेको धारणा राखे ।

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य राजकरण महतोले परियारका सिर्जनामा आम जनताको जीवन, दुःख-सुख र भोगाइ झल्किने गरेको बताए । उनलाई 'जनताको गायक'का रूपमा उल्लेख गर्दै महतोले लोकजीवनसँग जोडिएका गीतले छुट्टै महत्व राख्ने बताए । प्रमुख अतिथि कृष्ण गौतमले लोक तथा दोहोरी क्षेत्रमा लामो समयदेखि सक्रिय सर्जकले आफ्नो पुरानो सिर्जनालाई नयाँ स्वरूपमा प्रस्तुत गर्नु सकारात्मक भएको बताए । प्रतिष्ठानका मधेस प्रदेश अध्यक्ष रुद्रसेन विश्वकर्माले गीतको सफलताको शुभकामना दिए ।

परियारले यसअघि 'जाग नेपाली वीर नेपाली (स्वदेश गान)', 'सिन्धुलीका सुसेलीहरू', 'राखौं है पियारी मीठो सम्झना', 'गरौं है रमाइलो (देउसी-भैलो)', 'सुनको थैली चाँदीको झुम्काना' र 'फूल खसिगो माया बसिगो' लगायतका गीत सार्वजनिक गरिसकेका छन् ।

'तिमीलाई मैले सानू सकिन बिर्सन' गीत तथा भिडियो परियारको आधिकारिक युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको छ । कार्यक्रम राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल, महोत्तरीका सचिव रमेश खत्री पौडेलले सञ्चालन गरेका थिए ।

# ग्यास अभाव बढ्दा बर्दिबासका होटल व्यवसायी समस्यामा



● रवीन्द्र उप्रेति

बर्दिबासमा खाना पकाउने एलपी ग्यासको अभाव बढ्दै जाँदा होटल व्यवसाय प्रभावित हुन थालेको छ । एकातिर ग्यास डिलरले जति वितरण गरे पनि माग थेग्न नसक्ने अवस्था रहेको बताउँदै आएका छन् भने अर्कोतिर समयमा र आवश्यकताअनुसार ग्यास नपाउँदा व्यवसाय समस्यामा परेको होटल व्यवसायीको गुनासो छ ।

होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीका अनुसार बर्दिबास उद्योग वाणिज्य संघमा साना-ठुला गरी करिब २६० होटल दर्ता छन् । ती होटलका लागि दैनिक १०० भन्दा बढी सिलिन्डर ग्यास आवश्यक पर्छ । मागअनुसार आपूर्ति हुन नसक्दा समस्या बढेको होटल व्यवसायीको भनाइ छ ।

संघका अध्यक्ष गुञ्ज कार्की (गोपाल) का अनुसार ग्यास खपतका दृष्टिले बर्दिबासमा तीन वर्गका होटल छन् । पहिलो वर्गका १० वटा होटललाई दैनिक ५० सिलिन्डर ग्यास आवश्यक पर्छ । दोस्रो वर्गका २० वटा होटललाई दैनिक २० सिलिन्डर र बाँकी होटललाई सातामा १२० सिलिन्डरभन्दा बढी ग्यास आवश्यक पर्ने उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "बर्दिबासमा मात्रै होटल व्यवसाय सञ्चालन गर्न सातामा औसत ७०० सिलिन्डर ग्यास आवश्यक पर्छ । खोजेको बेला नपाउँदा होटल व्यवसायीले अनावश्यक हैरानी खेप्नु परेको छ ।"

बर्दिबास-३ गौरीडाँडास्थित खुकुरी होटलका सञ्चालक विनोद थापाले विभिन्न समस्या झेल्दै आएको होटल व्यवसायमा पछिल्लो समय ग्यास अभावले थप समस्या सिर्जना गरेको बताउनुभयो । दैवीप्रकोप, आन्दोलन, बन्द-हडताल र बढ्दो महँगीका कारण समस्यामा परेको व्यवसायमा ग्यास अभावले थप मार परेको उहाँको भनाइ छ ।

थापाले भन्नुभयो, "मेरो होटलमा दैनिक एकदेखि डेढ सिलिन्डर आवश्यक पर्छ । छिटो भने को तीन दिनमा एउटा सिलिन्डर दिन्छन् । हामीले गरिखाने कि होटल चलाउने, समय र श्रम ग्यासकै लागि खर्च गर्ने ?"

होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीका महासचिव नारायण घिमिरेले ग्यास अभाव समयसँगै समाधान हुनुको साटो झन् बढ्दै जानुको कारण खोज्नुपर्ने बताउनुभयो । साउन महिना र वर्षाको मौसम भएकाले होटल व्यवसायका लागि अहिले अफ सिजन भए पनि यही समयमा इन्धनको अभाव हुनु चिन्ताजनक भएको उहाँको भनाइ छ ।

घिमिरेले भन्नुभयो, "अहिलेसम्म चुल्हो नै बन्द हुने अवस्था त छैन । तर होटल व्यवसायी भने सन्त्रासमा छन् । यो अभाव लम्बिँदै गयो भने ग्यासको विकल्पमा के गर्ने भन्ने स्पष्ट छैन ।"

विद्युतीय चुल्हो प्रयोग गर्ने विकल्प पनि तत्काल सहज नभएको व्यवसायीको भनाइ छ । बर्दिबास वितरण केन्द्रको अनियमित विद्युत् सेवा, भोल्टेजको समस्या तथा अघोषित लोडसेडिङलगायतका कारण विद्युतीय उपकरणमा निर्भर हुन सक्ने अवस्था नरहेको होटल व्यवसायीले बताएका छन् ।

यता, बर्दिबासका ग्यास डिलरले भने होटल व्यवसायीलाई नियतवश ग्यास नरोकेको स्पष्ट पारेका छन् । बढ्दो माग र आपूर्तिबीच सन्तुलन नमिल्दा आफूहरू पनि समस्यामा परेको उनीहरूको भनाइ छ ।

बर्दिबासस्थित सुपर ग्यासका डिलर रोशन श्रेष्ठ र नेपाल ग्यासका डिलर विनोद बस्नेतले आफूहरूले कुनै पक्षपात नगरी बुकिङअनुसार पालैपालो ग्यास वितरण गर्ने भएकाले माग गरे लगत्तै नपाइनु स्वाभाविक भएको बताउनुभयो ।

बस्नेतले भन्नुभयो, "ग्यासको माग सुरसाको मुखझैँ बढ्दै गएको छ । जति वितरण गरे पनि लाइन उत्तिकै छ । हिजो (बुधबार) मात्र मेरो डिपोमा २०० जनाले बुकिङ गराइसकेका छन् । ग्यास कहिले आउने हो ठेगान छैन । जति आउँछ, एकैछिनमा सकिन्छ ।"



टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक



# अङ्गदान जीवन बचाउने अवसर

● डा. पुकारचन्द्र श्रेष्ठ



अङ्ग तथा तन्तु प्रत्यारोपण चिकित्साशास्त्रको महत्त्वपूर्ण उपलब्धि

एक मृत अङ्गदाताबाट आठभन्दा बढी बिरामी बचाउन सकिन्छ

नेपालमा मृत दाताबाट हुने अङ्गदान अझै चुनौतीपूर्ण

मस्तिष्क मृत्युबारे आममानिसमा जनचेतना बढाउनु पर्छ

अङ्गदानले अर्को व्यक्तिलाई जीवन र आशा दिन्छ



डा. पुकारचन्द्र श्रेष्ठ

विश्व अङ्गदान दिवस अङ्ग तथा तन्तु दानको जीवनरक्षक महत्वबारे जनचेतना अभिवृद्धि गर्ने, स्वैच्छिक तथा सूचित अङ्गदानलाई प्रोत्साहन गर्ने र अङ्गदाता तथा उनीहरूका परिवारप्रति सम्मान व्यक्त गर्ने महत्वपूर्ण अवसर हो । यस दिवसले प्रत्यारोपणको आवश्यकता र उपलब्ध दाताबिच रहेको ठुलो अन्तरतर्फ पनि ध्यानाकर्षण गराउँछ। अङ्ग तथा तन्तु प्रत्यारोपण आधुनिक चिकित्साशास्त्रको महत्वपूर्ण उपलब्धि हो । अन्तिम अवस्थाको अङ्ग विफलता भएका कतिपय बिरामीका लागि प्रत्यारोपण प्रभावकारी उपचार मात्र होइन, जीवन बचाउने एक मात्र उपायसमेत हुन सक्छ तर विश्वभर प्रत्यारोपणका लागि आवश्यक अङ्गको अभाव छ । दाताको कमी, पर्याप्त पूर्वाधारको अभाव, दक्ष जनशक्तिको सीमितता, कमजोर नियमन र जनचेतनाको कमीका कारण प्रत्यारोपणको आवश्यकता र उपलब्ध सेवाबिच ठुलो अन्तर कायम छ। एक जना मृत अङ्गदाताबाट आठभन्दा बढी बिरामीको जीवन बचाउन सकिन्छ। तन्तु दानबाट दृष्टि पुनर्स्थापना गर्न, बिग्रिएका तन्तुको उपचार गर्न तथा बिरामीको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सकिन्छ। त्यसैले अङ्गदान केवल चिकित्सकीय प्रक्रिया होइन, मानवीय एकता र सहानुभूतिको उदाहरण पनि हो।

## विश्वभर ठुलो अन्तर

विश्वभर लाखौँ मानिस अन्तिम अवस्थाको अङ्ग विफलताबाट पीडित छन् । उनीहरूलाई प्रत्यारोपणको आवश्यकता पर्छ । आवश्यकता अनुसार पर्याप्त अङ्ग उपलब्ध हुन सकेका छैनन् । विश्व स्वास्थ्य सङ्गठनका अनुसार सन् २०२२ मा विश्वभर करिब एक लाख ५७ हजार पाँच सय वटा ठोस अङ्ग प्रत्यारोपण भएका थिए, जुन अनुमानित विश्वव्यापी आवश्यकताको १० प्रतिशतभन्दा पनि कम हो। मृत दाताबाट हुने अङ्गदानको कार्यक्रम पर्याप्त रूपमा विकसित नभएका देशमा समस्या अझ गम्भीर छ। त्यसैले विश्व अङ्गदान दिवसले अङ्ग तथा तन्तु दानबारे जनचेतना बढाउने, सूचित र स्वैच्छिक निर्णयका लागि प्रेरित गर्ने, परिवारमा आफ्नो इच्छा स्पष्ट रूपमा व्यक्त गर्ने संस्कृतिको विकास गर्ने तथा अङ्गदानसम्बन्धी मिथक र भ्रम हटाउने अवसर प्रदान गर्छ। जनचेतना व्यवहारमा परिणत हुनु अझ महत्वपूर्ण छ। अङ्गदान गर्न इच्छुक व्यक्तिले आफ्नो देशमा लागु हुने कानुनी तथा चिकित्सकीय प्रक्रियाबारे जानकारी लिनु पर्छ, उपलब्ध भएमा आधिकारिक प्रणालीमा आफ्नो इच्छा दर्ता गर्नु पर्छ र आफ्नो निर्णय परिवारलाई स्पष्ट रूपमा जानकारी गराउनु पर्छ।

## अङ्गदानको प्रक्रिया

अङ्गदान भनेको जीवित वा मृत व्यक्तिबाट स्वस्थ अङ्ग वा तन्तु स्वैच्छिक रूपमा अर्को व्यक्तिमा प्रत्यारोपणका लागि उपलब्ध गराउने प्रक्रिया हो । यस्तो दान अङ्ग विफलता वा गम्भीर तन्तु क्षतिबाट पीडित बिरामीको उपचारका लागि गरिन्छ । जीवित व्यक्तिबाट हुने अङ्गदान मा चिकित्सकीय रूपमा उपयुक्त व्यक्तिले आफ्नो जीवनकालमै अर्को व्यक्तिका लागि अङ्ग वा अङ्गको केही भाग दान गर्छ । मिगौर्ला जीवित व्यक्तिबाट सबैभन्दा बढी दान गरिने अङ्ग हो । उपयुक्त छनोट र विशेषज्ञ चिकित्सकीय मूल्याङ्कनपछि कलेजोको केही भाग तथा विशेष अवस्थामा अन्य अङ्गका केही भागसमेत दान गर्न सकिन्छ।

जीवित दाताको स्वास्थ्य र सुरक्षालाई सर्वोच्च प्राथमिकता दिनु पर्छ। अङ्गदान पूर्ण रूपमा स्वैच्छिक र सूचित सहमतिमा आधारित हुनु पर्छ । दातामाथि कुनै प्रकारको दबाब, आर्थिक शोषण वा जबरजस्ती हुनु हुँदैन । अङ्गदानपछि पनि दाताको दीर्घकालीन स्वास्थ्य अनुगमन आवश्यक हुन्छ । मृत अङ्गदानमा व्यक्तिको मृत्यु चिकित्सकीय तथा कानुनी रूपमा निर्धारित भएपछि प्रत्यारोपणका लागि अङ्ग निकालिन्छ । नेपालमा 'मस्तिष्क-तन्तु मृत्यु' लाई अङ्ग प्रत्यारोपणसम्बन्धी कानुनी व्यवस्थाले मान्यता दिएको छ । नेपालमा धेरै सडक दुर्घटना हुने भएकाले वार्षिक करिब दुई हजार पाँच सय जनाको मृत्यु हुने र करिब एक हजार जनाको मस्तिष्क मृत्यु हुने गरेको तथ्याङ्क छ। यस्ता सम्भावित दाताबाट अङ्ग उपयोग गर्न सके नेपालमा प्रत्यारोपण सेवामा आत्मनिर्भर बन्ने ठुलो सम्भावना छ।

## अङ्गदानको अवस्था

नेपालमा अङ्ग प्रत्यारोपणको क्षेत्रमा पछिल्ला केही दशकमा महत्वपूर्ण प्रगति भएको छ। मिर्गौला प्रत्यारोपण सन् २००८ देखि स्थापित रूपमा हुँदै आएको छ तर नेपालमा भएका अधिकांश ठोस अङ्ग प्रत्यारोपण जीवित दाताबाट भएका छन् । मृत दाताबाट अङ्गदान गर्ने प्रणाली विकासमा देखिएका विभिन्न चुनौती यसको प्रमुख कारण हो । नेपालमा मृत दाताबाट हुने ठोस अङ्ग प्रत्यारोपणको सुरुवात सन् २०१७ मा मिर्गौला प्रत्यारोपणबाट भएको हो। त्यसयता सीमित भए पनि मृत दाताबाट महत्वपूर्ण अङ्गदान सम्भव भएको छ। उपलब्ध तथ्याङ्क अनुसार हालसम्म नौ जना मृत दाताबाट २३ वटा ठोस अङ्ग प्रत्यारोपण सम्भव भएका छन् । तीमध्ये १७ वटा मिर्गौला, पाँच वटा कलेजो र एउटा संयुक्त कलेजो-मिर्गौला प्रत्यारोपण रहेको छ। सङ्खया सानो देखिए पनि यसको महत्व ठुलो छ। प्रत्येक मृत दाताले नेपालमा मृत्युपछि अङ्गदान सम्भव छ भन्ने प्रमाण दिएका छन् ।

कर्निया प्रत्यारोपणको विकास भने नेपालमा अझ पुरानो हो । नेपालमा सन् १९९४ देखि कर्निया प्रत्यारोपण हुँदै आएको छ र हालसम्म करिब १५ हजार कर्निया प्रत्यारोपण भएको बताइन्छ । कर्निया दानको प्रक्रिया ठोस अङ्गदानको तुलनामा सरल भएकाले परिवारले पनि यसलाई तुलनात्मक रूपमा सहज रूपमा स्वीकार गर्दै आएका छन् ।

## मृत अङ्गदान चुनौतीपूर्ण

कर्निया दान र मृत व्यक्तिबाट हुने ठोस अङ्गदानबिचको अन्तरले नेपालमा रहेको चुनौती स्पष्ट पार्छ। ठोस अङ्गहरू रक्तसञ्चार र अक्सिजनको अभावप्रति अत्यन्त संवेदनशील हुन्छन् । त्यसैले प्रत्यारोपणका लागि अङ्ग उपयुक्त अवस्थामा र निश्चित समयभित्र निकाल्नु पर्छ। यस कारण रक्तसञ्चार कायम रहेको अवस्थामा मस्तिष्क मृत्यु भएका व्यक्तिबाट हुने अङ्गदान विशेष रूपमा महत्वपूर्ण हुन्छ तर मस्तिष्क मृत्युको अवधारणाबारे आमजनमानसमा अझै पर्याप्त बुझाइ छैन । मुटु धड्किरहेको, शरीर न्यानो रहेको र कृत्रिम श्वासप्रश्वास दिइरहेको अवस्थामा प्रियजनलाई मृत मान्न परिवारका लागि कठिन हुन्छ। यही भावनात्मक र अवधारणागत कठिनाइ मृत अङ्गदानका लागि परिवारको सहमति प्राप्त गर्ने क्रममा ठुलो चुनौती बन्ने गरेको छ । त्यसैले कोमा, गम्भीर मस्तिष्क चोट र मस्तिष्क मृत्युबिचको फरकबारे समाजलाई वैज्ञानिक र संवेदनशील ढङ्गले जानकारी दिन आवश्यक छ। मस्तिष्क मृत्यु कसरी निर्धारण हुन्छ, यसको चिकित्सकीय तथा कानुनी आधार के हो र यस्तो अवस्थामा अङ्गदान कसरी सम्भव हुन्छ भन्ने विषयमा परिवार तथा समुदायलाई स्पष्ट जानकारी दिनु पर्छ।

## कानुनी र संस्थागत व्यवस्था

नेपालमा अङ्ग निकाल्ने तथा प्रत्यारोपणलाई व्यवस्थित गर्न र मानव अङ्गको खरिद-बिक्री निषेध गर्न मानव शरीरको अङ्ग प्रत्यारोपणसम्बन्धी ऐन, २०५५ लागु गरिएको थियो । उक्त कानुनी व्यवस्थामा २०७२ मा व्यापक संशोधन गरिएको छ । संशोधनमार्फत नातेदार दाताको दायरा विस्तार, गैरनातेदारबिच अङ्ग साटासाट कार्यक्रम तथा मस्तिष्क मृत्युपछि हुने अङ्गदानलाई थप व्यवस्थित गर्ने व्यवस्था गरिएको छ । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय अन्तर्गतको अङ्ग प्रत्यारोपण समन्वय समितिले नीति तथा योजना निर्माण र आवश्यक सुझाव दिने भूमिका निर्वाह गर्छ। मृत दाताबाट हुने अङ्गदान तथा प्रत्यारोपणका लागि सम्भावित दाता पहिचान, अस्पताल र परिवारबिच समन्वय तथा उपलब्ध अङ्गको व्यवस्थापनमा समन्वय एकाइको महत्वपूर्ण भूमिका हुन्छ।

## विश्वबाट सिक्नुपर्ने पाठ

मृत दाताबाट हुने अङ्गदानमा स्पेन विश्वकै अग्रणी देशमध्ये एक हो । सन् २०२४ मा स्पेनमा दुई हजार ५६२ जना मृत अङ्गदाता पहिचान भएका थिए। मृत दाताको दर प्रतिलाख जनसङ्ख्यामा करिब ५२.६ थियो । त्यहाँ आफू अङ्गदाता बन्न नचाहेको घोषणा नगरेसम्म सबैलाई सम्भावित अङ्गदाता मान्ने प्रणाली छ । संयुक्त राज्य अमेरिकामा पनि मृत दाताबाट हुने अङ्गदानको अत्यन्त विकसित प्रणाली छ । भारतले पनि प्रत्यारोपण सेवा विस्तार गरेको छ तर त्यहाँको प्रणाली अझै मुख्यतः जीवित दातामा निर्भर छ। यी उदाहरणले देखाउँछ, प्रत्यारोपण सेवा सफल बनाउन दक्ष शल्यचिकित्सक र प्रत्यारोपण केन्द्र मात्र पर्याप्त हुँदैनन् । जनचेतना, कानुनी संरचना, सम्भावित दाता पहिचान, अस्पतालको पूर्वाधार, स्वास्थ्यकर्मीको तालिम, परिवारसँगको संवाद, अङ्ग वितरण प्रणाली र सरकारको दीर्घकालीन प्रतिबद्धता पनि उत्तिकै आवश्यक हुन्छ।

## अबको बाटो

नेपालले अङ्ग प्रत्यारोपणमा महत्वपूर्ण उपलब्धि हासिल गरिसकेको छ । जीवित दाताबाट हुने मिर्गौला र कलेजो प्रत्यारोपण तथा मृत दाताबाट मिर्गौला र कलेजो प्रत्यारोपण यसको उदाहरण हुन् । अबको चुनौती यी सीमित सफलतालाई दिगो राष्ट्रिय कार्यक्रमका रूपमा विस्तार गर्नु हो। यसका लागि मस्तिष्क मृत्यु तथा अङ्गदानबारे व्यापक जनचेतना अभिवृद्धि, सघन उपचार विशेषज्ञ, चिकित्सक, नर्स तथा प्रत्यारोपण समन्वयकर्तालाई तालिम, अस्पतालमा सम्भावित दाता पहिचान र रेफरल प्रणाली सुदृढीकरण, अङ्ग निकाल्ने, सुरक्षित राख्ने तथा स्थानान्तरण गर्ने पूर्वाधार विकास आवश्यक छ । त्यसै गरी राष्ट्रियस्तरमा पारदर्शी र विश्वसनीय अङ्ग वितरण प्रणाली, परिवारलाई संवेदनशील परामर्श, जीवित दातालाई शोषणबाट सुरक्षा, अङ्गको अवैध व्यापार नियन्त्रण तथा अङ्गदान र प्रत्यारोपणसम्बन्धी विश्वसनीय राष्ट्रिय तथ्याङ्क आवश्यक छ । सरकार, प्रत्यारोपण केन्द्र, अस्पताल, चिकित्सकीय संस्था, व्यावसायिक सङ्गठन र नागरिक समाजबिचको सहकार्य पनि उत्तिकै महत्वपूर्ण छ।

## निष्कर्ष

विश्व अङ्गदान दिवस वर्षमा एक पटक मनाइने जनचेतनामूलक दिवसमा मात्र सीमित हुनु हुँदैन । नेपालका लागि यो निरन्तर जनशिक्षा, स्वास्थ्यकर्मीको क्षमता विकास, संस्थागत सुदृढीकरण र अङ्ग तथा तन्तु दानसम्बन्धी राष्ट्रिय संवादको माध्यम बन्नु पर्छ । अङ्गदानमा चुनौती मानिसमा सहयोग गर्ने इच्छाको अभाव मात्र होइन, सही जानकारीको अभाव पनि हो। मस्तिष्क मृत्यु, चिकित्सकीय प्रक्रिया, कानुनी व्यवस्था र अङ्गदानबारे स्पष्ट जानकारी नहुँदा परिवारमा भ्रम र अविश्वास उत्पन्न हुन सक्छ । मिथक, सांस्कृतिक धारणा र प्रक्रियाप्रतिको अविश्वासलाई वैज्ञानिक जानकारी, संवेदनशील संवाद, पारदर्शिता र सार्वजनिक विश्वासमार्फत सम्बोधन गर्न सकिन्छ । विश्व अङ्गदान दिवस २०२६ को सन्देश स्पष्ट छ-अङ्गदान अङ्ग दिने कुरा मात्र होइन, अर्को व्यक्तिलाई जीवन, स्वास्थ्य र आशाको अवसर दिने मानवीय कार्य हो । अङ्गदान संस्कृतिको विकास गर्न व्यक्ति, परिवार, स्वास्थ्यकर्मी, स्वास्थ्य संस्था र सरकार सबैको संयुक्त प्रयास आवश्यक छ। जनचेतना, बलियो प्रणाली र सार्वजनिक विश्वासका माध्यमबाट नेपाल जीवित दातामा निर्भर प्रत्यारोपण प्रणालीबाट मृत दाताबाट हुने अङ्गदानलाई समेत व्यवस्थित रूपमा समेटिएको व्यापक, नैतिक र दिगो राष्ट्रिय प्रत्यारोपण प्रणालीतर्फ अघि बढ्न सक्छ। अङ्गदानले जीवन समाप्त गर्दैन, यसले अर्को जीवनलाई निरन्तरता दिने अवसर दिन सक्छ।

बर्दिबास मिडिया
अड्डा अदालत लेखापढी, कानून व्यवसायी सम्बन्धी सम्पूर्ण काम यहाँ गरिन्छ ।
यहाँ कनुनी परामर्श दिनुको साथै फोटोकापी, अनलाईन फारम तथा साईबर सम्बन्धि सम्पूर्ण काम गरिन्छ ।
सम्पर्क नं.: ९८६३३२१०१४, ९८०७८२१०१४, ९८०१६७३२५६

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

☞ २४ सं घण्टा इमजेन्सी सेवा
☞ ICU,NICU,PICU सेवा
☞ EndosocopyDiode Laser सेवा
☞ विभिन्न रोगहरुको विशेषज्ञ डाक्टहरुद्धा उत्कष्ट स्वास्थ्य सेवा
☞ Laproscopy सेवा
☞ X-Ray, USG, CT Scan सेवा
☞ क्याबिनको समेत व्यवस्था भएको
☞ 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०



# मधेश प्रदेशमा मन्त्रालय घटाउने तयारी, मन्त्रिपरिषद् पुनर्गठनको गृहकार्य



मधेश प्रदेश सरकारले मन्त्रिपरिषद् पुनर्गठन गर्दै मन्त्रालयको संख्या घटाउने तयारी गरेको छ । हाल मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित १२ वटा मन्त्रालय रहेकोमा त्यसलाई घटाएर ९ वटा मन्त्रालय कायम गर्ने तयारी भइरहेको हो ।

सत्ता गठबन्धनमा आबद्ध दलका नेताबीच छलफल गरी आगामी दुई-तीन दिनभित्रै मन्त्रिपरिषद् पुनर्गठन गर्ने तयारी भइरहेको एक मन्त्रीले जानकारी दिए ।

उनका अनुसार मन्त्रालयको संख्या ९ मा झारिएमा नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का दुई र नेकपा एमाले का एक गरी तीन मन्त्रीको पद जानेछ। मन्त्रिपरिषद् पुनर्गठनपछि रिक्त हुने स्थानमा कसलाई पठाउने भन्ने विषयमा सम्बन्धित दलभित्र समेत आन्तरिक छलफल भइरहेको छ ।

हाल नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवको नेतृत्वमा रहेको मधेश सरकारमा कांग्रेस, एमाले र नेकपाबीच चार-चार वटा मन्त्रालय भागबण्डा गरिएको छ ।

कांग्रेसको भागमा मुख्यमन्त्रीसहित भूमि व्यवस्था, कृषि तथा सहकारी, वन तथा वातावरण र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय छन् । एमालेको भागमा पूर्वाधार विकास, समाज कल्याण तथा खेलकुद, शिक्षा तथा संस्कृति र श्रम तथा संस्कृति मन्त्रालय रहेका छन् ।

त्यस्तै, नेकपाको भागमा अर्थ, ऊर्जा, सिँचाइ तथा खानेपानी, उद्योग, वाणिज्य तथा पर्यटन र गृह, सञ्चार तथा कानुन मन्त्रालय रहेका छन् ।

मन्त्रालयको संख्या ९ मा झारिएपछि कांग्रेसको भागमा मुख्यमन्त्रीसहित चार, एमालेको तीन र नेकपाको दुई मन्त्रालय रहने गरी भागबण्डा गर्ने तयारी रहेको एक नेताले बताए ।

मन्त्रालयको संख्या घटाउने उद्देश्यले अर्थमन्त्री युवराज भट्टराईको संयोजकत्वमा गठित मन्त्रालयको संख्या तथा कार्यविभाजन पुनरावलोकनसम्बन्धी उच्चस्तरीय अध्ययन तथा सिफारिस कार्यदलले असार १८ गते मुख्यमन्त्रीसमक्ष नौ मन्त्रालय कायम गर्न सुझाव दिएको थियो ।

उक्त सुझावअनुसार हालका केही मन्त्रालय गाभेर संख्या घटाउने गृहकार्य भइरहेको छ। गृह, सञ्चार तथा कानुन, शिक्षा तथा संस्कृति, समाज कल्याण तथा खेलकुद, श्रम तथा यातायात, उद्योग तथा पर्यटन र वन तथा वातावरण मन्त्रालयलाई पुनर्संरचना गरी तीनवटा मन्त्रालयमा गाभ्ने तयारी छ ।

मन्त्रालय पुनरावलोकनका लागि भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री श्यामप्रसाद पटेलको संयोजकत्वमा विभिन्न मन्त्रालयका सचिव सम्मिलित अर्को कार्यदल समेत गठन गरिएको छ । कार्यदलको काम अन्तिम चरणमा पुगेको र केही दिनभित्रै सरकारलाई प्रतिवेदन बुझाउने तयारी रहेको मन्त्री पटेलले बताए ।

उनका अनुसार प्रतिवेदन आउनुअघि पनि नौ मन्त्रालय कायम गर्ने गरी मन्त्रिपरिषद् पुनर्गठन गर्न कानुनी तथा प्रशासनिक रूपमा बाधा नरहेको छ ।

केन्द्रमा कांग्रेस र नेकपा एमालेबीचको गठबन्धनमा परिवर्तन आए पनि त्यसको तत्काल प्रभाव मधेश प्रदेश सरकारमा नपरेको नेताहरूको भनाइ छ ।

एमाले र नेकपाबीचको समीकरणबाट मात्र मधेश प्रदेशमा सरकार गठनका लागि आवश्यक बहुमत नपुग्ने भएकाले दुवै दल तत्कालका लागि कांग्रेस नेतृत्वकै प्रदेश सरकारलाई निरन्तरता दिने पक्षमा देखिएका छन् ।

मन्त्रालय संख्या घटाएर मन्त्रिपरिषद् पुनर्गठन गरिए पछि फिर्ता बोलाइने मन्त्री तथा सरकारमा नयाँ अनुहार पठाउने विषयमा एमाले र नेकपाभित्र आन्तरिक छलफल भइरहेको बताइएको छ ।

# सात वर्षमा पनि बनेन दुधमती पुल, ६ लेन सडकको लाभबाट वञ्चित जनकपुरवासी

• टक नेपाल



भौगोलिक रूपमा सुगम स्थानमै पक्की पुल निर्माणको ठेक्का लागेको सात वर्ष बितिसक्दा पनि आयोजना अलपत्र पर्नु पूर्वाधार विकासमा देखिएको बेथितिको उदाहरण बनेको छ। मधेस प्रदेशको र ाजधानी जनकपुरधाममा रहेको दुधमती खोलाको पुल निर्माण सुरु भएको सात वर्ष बित्दा पनि सम्पन्न हुन सकेको छैन ।

जनकपुरधामलाई भारतसँग जोड्ने भिट्ठामोड, मटिहानी तथा जटही नाका सम्मको व्यापारिक तथा धार्मिक आवागमन सहज बनाउने उद्देश्यले ढल्केबर - जनकपुर-जटही ६ लेन सडक निर्माण भए पनि दुधमती खोलामा पुल नबन्दा त्यसको पूर्ण लाभ लिन नसकिएको स्थानीयको गुनासो छ ।

स्थानीयका अनुसार पछिल्लो चार वर्षदेखि पुल निर्माणको काम ठप्प छ । पुल निर्माणका लागि राखिएका फलामे डन्डीमा खिया लागेका छन् भने वरिपरि झारपात उम्रिएर क्षेत्र खण्डहरजस्तै बनेको छ । निर्माणस्थलमा राखिएका जेसीबी, ट्र्याक्टरलगायतका सामग्रीसमेत जीर्ण बन्दै गएका छन् ।

पुल निर्माणस्थलको सामग्री संरक्षणका लागि चौकीदार राखिएको छ । यसअघि पुलछेउको डाइभर्सनबाट पैदलयात्री, साइकल तथा मोटरसाइकल आवतजावत गर्दै आएका थिए। तर वर्षायाम सुरु भएसँगै डाइभर्सनमा पानीको सतह बढेपछि पछिल्लो दुई-तीन सातादेखि आवतजावत पूर्ण रूपमा प्रभावित भएको छ ।

आवतजावत बन्द हुँदा स्थानीयसँगै विद्यार्थी र दैनिक यात्रु बढी प्रभावित भएका छन् । पुलको वारिपारि रहेका विद्यालय तथा क्याम्पसमा जाने विद्यार्थीले घुमाउरो बाटो प्रयोग गर्नुपर्ने अवस्था आएको स्थानीय मुकेश कापरले बताए ।

"पहिला डाइभर्सन थियो, पुलको साइडबाट जान मिल्थ्यो। तर पानीको सतह बढेपछि जान नमिल्ने भयो," उनले भने, "अहिले निकै घुमेर क्याम्पस जानुपर्ने अवस्था छ ।"

डाइभर्सनमा पानी जम्दा मोटरसाइकल चालकसमेत जोखिममा पर्ने गरेका छन् । बर्हीवाबाट जनकपुरको जिरोमाइलतर्फ जाँदै गरेका अब्दुल सदाम डाइभर्सनमा पानी जमेको देखेपछि मोटरसाइकल फर्काउने क्रममा सडकको खाल्डाखुल्डीमा परेर लडे । उनीजस्तै दैनिक धेरै यात्रुले समस्या भोग्नुपरेको स्थानीयको भनाइ छ ।

सदामले एउटा पुल निर्माण नहुँदा राम्रो अवस्थामा रहेको मुख्य सडकबाट समेत सहज आवागमन हुन नसकेको भन्दै आक्रोश व्यक्त गरे । उनका अनुसार पुल नहुँदा जिरोमाइल पुग्न थप तीन-चार किलोमिटर घुमाउरो बाटो प्रयोग गर्नुपर्ने बाध्यता छ ।

### सात वर्षमा ठेक्का रद्द

दुधमती पुल निर्माणको ठेक्का २०७६ जेठ २५ गते नागार्जुन-हेम जेभीले १३ करोड ९५ लाख ६४ हजार ३३८ रुपैयाँमा पाएको थियो । निर्धारित समयमा काम सम्पन्न नभएपछि सरकारले पटक-पटक म्याद थप गर्दै २०८२ माघ १७ गतेसम्म निर्माण सम्पन्न गर्न समय दिएको थियो ।

तर थपिएको समयसीमाभित्र पनि निर्माण पूरा नभएपछि सडक डिभिजन कार्यालय जनकपुरले २०८३ असार २६ गते सूचना प्रकाशित गरी ठेक्का सम्झौता रद्द गरेको हो ।

सडक डिभिजन कार्यालय जनकपुरका प्रमुख दारोगाप्रसादका अनुसार ठेक्का रद्द गरी ठेकेदार कम्पनीबाट रकम असुलीका लागि अदालतमा मुद्दा दायर गरिएको छ ।

उनका अनुसार पुल पुनः निर्माणका लागि आवश्यक लागत अनुमान लगायतका प्रक्रिया पूरा गरी फाइल माथिल्लो निकायमा पठाइसकिएको छ । आगामी असोजभित्र नयाँ ठेक्का लाग्न सक्ने उनको भनाइ छ ।

"पुलको अनुगमन तथा निरीक्षण गरी लागत तयार गरेर माथि पठाएका छौं । मन्त्रालयले प्रक्रिया अघि बढाइरहेको छ। सायद असोजभित्र ठेक्का लाग्छ," उनले भने ।

### धनुषामा ६ ठेक्का रद्द

समयमै काम सम्पन्न नगरी आयोजना अलपत्र पार्ने ठेकेदारमाथि कारबाही गर्ने क्रममा धनुषामा थप पाँचसहित ६ वटा ठेक्का सम्झौता रद्द गरिएको सडक डिभिजन कार्यालयले जनाएको छ ।

रद्द गरिएका ठेक्कामध्ये नागार्जुन-हेम जेभीका तीनवटा तथा सडक तथा पुल सुधारका लागि ठेक्का पाएका स्काई कन्ट्रक्सन एन्ड सप्लायर्स, बाबा बुद्धेश्वरनाथ कन्ट्रक्सन कम्पनी र चुरे कन्ट्रक्सन एन्ड सप्लायर्सका ठेक्का छन् ।

कार्यालयका अनुसार रद्द भएका आयोजनाको पुनः ठेक्का प्रक्रिया असोजभित्र अघि बढाउने योजना छ ।

दुधमती पुल लामो समयसम्म अलपत्र पर्दा ६ लेन सडक निर्माणको उद्देश्यअनुसार सहज आवागमन, व्यापार तथा पर्यटन प्रवर्द्धनमा समेत असर परेको स्थानीयको भनाइ छ । स्थानीयले नयाँ ठेक्का प्रक्रिया पारदर्शी र प्रभावकारी बनाउन तथा निर्माण कम्पनीलाई तोकिएको समयमै काम सम्पन्न गराउन सम्बन्धित निकायसँग माग गरेका छन् ।

# मधेस प्रदेशमा रगतको अभाव

• टक नेपाल

रक्तदान गरेपछि कमजोर भइन्छ भन्ने नकारात्मक सोचका कारण मधेस प्रदेशमा रगतको अभाव देखिन थालेको छ । मधेस प्रदेशमा रगतको अभाव देखिएपछि आज जनकपुरधाममा रक्तदान कार्यक्रम आयोजना गरिएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी जनकपुरधाम, उपमहानगर पालिका वडा नं १७ ले आज रक्तसञ्चार केन्द्रको समन्वयमा खुला रक्तदान कार्यक्रमको आयोजन गरेको हो ।

अन्तर्राष्ट्रिय युवा दिवसको अवसर पारेर आयोजना गरिएको उक्त खुला रक्तदान कार्यक्रममा १९ जनाले रक्तदान गर्नुभएको छ। रगतको अभावमा कसैले ज्यान गुमाउनु नपरोस् भने उद्देश्यले रक्तदान कार्यक्रम आयो जना गरिएको हो।

रास्वपा मधेस प्रदेश सङ्गठन विभाग उपप्रमुख अम्बुप्रसाद साहले सङ्कलन भएको रगत मधेस प्रदेश रक्तसञ्चार केन्द्रमा बुझाइने बताए। नेपाल रेडक्रस सोसाइटी धनुषाका अध्यक्ष पङ्कज महतोले एक सातादेखि रक्तसञ्चार केन्द्रमा रगतको अभाव देखिएको जानकारी दिए ।

"रक्तसञ्चार केन्द्रमा एक/दुई पोका मात्र रगत छ, तर दैनिक ४०/५० जना बिरामी रगतका लागि आउने गरेका छन्", अध्यक्ष महतोले भने, "बिरामीहरु जसरी पनि दिनुपर्‍यो भन्दै आउँछन्, तर रगत नभएपछि समस्या भइरहेको छ ।"

रक्तदाताको अभाव भएपछि मधेस प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुरधामअन्तर्गतको प्रदेश रक्तसञ्चार केन्दमा पनि रगतको अभाव हुन थालेको छ ।

मधेस प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुर धामका निर्देशक डा. नागेन्द्र यादवका अनुसार प्रदेश रक्तसञ्चारमा हाल जम्मा ३० पोका रगत रहेको बताए ।

साइव अपाधबाट जोगिआं !!!

कम्प्युट, मोवाइल इन्टनेट प्रयोग गदा यी कुाहरु ध्यान दिनुहोस् ।

- बलियो पासवड राखौ, पासवडलाइ नियमित रुपमा पवितन गारै।
- अपर्चित व्यक्ति वा कायालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिङ्क नखोलौ ।
- अपर्चित व्यक्तिले युर्जरनेम पासवड मागे नदिऔ ।
  ह्वाट्स एप, इमो, भाइब, मेसेन्जलगायतका सामाजिक सञ्जालमा आएका शंकास्पद
- भिडियो वा अडियो कल नउठाऔ । त्यस्ता कल पटक पटक आए ब्लक गारै ।
  आफना व्यक्तिगत विवणहरु (ओटिपी, युर्जरनेम, पासवड, बंक खाता नम्ब, पिनकोड, नागकिता नम्ब, राहदानी नम्ब, जन्म मिति) कसलाइ शेय नगारै, सुक्षित राखौं ।

बर्दिबास नगरपालिका
महोत्तरी, मधेश प्रदेश




मानव बेचबिखन विरुद्ध सचेतना

- मानव बेचबिखन गम्भीर मानवअधिकार उल्लङ्घन तथा कानूनबमोजिम दण्डनीय अपराध हो ।
- आकर्षक तलब, वैदेशिक रोजगारी वा विवाहको झुटो प्रलोभनमा नफसौँ ।
- विदेश जानुअघि सम्बन्धित सरकारी निकायबाट अनुमति र आवश्यक जानकारी लिनुहोस् ।
- अपरिचित व्यक्तिलाई नागरिकता, राहदानी वा अन्य व्यक्तिगत कागजात नदिनुहोस् ।
- सामाजिक सञ्जालमार्फत आएका अपरिचित व्यक्तिको प्रस्तावप्रति सतर्क रहनुहोस् ।
- बालबालिका, महिला तथा जोखिममा रहेका व्यक्तिहरूको विशेष सुरक्षा गरौँ ।
- कुनै पनि शंकास्पद गतिविधि देखेमा तुरुन्त प्रहरी वा सम्बन्धित निकायलाई जानकारी गराऔँ ।
- सुरक्षित वैदेशिक रोजगारका लागि कानुनी प्रक्रिया मात्र अपनाऔँ ।
- लोभलाग्दा विज्ञापन र दलालहरूको झुटा आश्वासनबाट सावधान रहौँ ।
- आफ्ना परिवारका सदस्य र समुदायलाई मानव बेचबिखनका जोखिमबारे सचेत बनाऔँ ।
- बालश्रम, जबर्जस्ती श्रम र यौन शोषण मानव बेचबिखनका रूपहरू हुन् भन्ने कुरा बुझौँ ।
- कुनै पनि व्यक्तिलाई इच्छा विपरीत काम गर्न बाध्य पार्नु अपराध हो ।
- बेचबिखनका पीडितलाई सहयोग, संरक्षण र न्याय दिलाउन सबैले हातेमालो गरौँ।
- मानव बेचबिखनमुक्त समाज निर्माणका लागि समुदाय, स्थानीय सरकार र सुरक्षा निकायसँग सहकार्य गरौँ।
- "सचेत नागरिक बनौँ, मानव बेचबिखन रोकौँ; सुरक्षित समाज निर्माणमा सबैको सहभागिता बढाऔँ।"

वटेश्वर गाउँपालिक, धनुषा , मधेश प्रदेश

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014